# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७५।१०।०६ गते

## प्रेस विज्ञप्ति
### विषय: आरोप-पत्र दायर गरिएको।

---------------------------------------------------

जिल्ला स्वास्थ्य कार्यालय, गुल्मीका टाइपिष्ट नायव सुब्बा मिना मरासिनीले सेवा प्रवेश तथा बढुवाको सिलसिलामा पेस गरेको शैक्षिक योग्यताको प्रमाण-पत्र नक्कली रहेकोले छानबिन गरी आवश्यक कारवाही गरिपाउँ भन्ने व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा निज मिना मरासिनी पन्थीले माध्यमिक शिक्षा परिषद, उत्तर प्रदेश भारतबाट प्राप्त गरेको हाईस्कूल तहको नक्कली शैक्षिक योग्यताको प्रमाण-पत्र पेश गरी टाइपिष्ट रा.प.अन.तृतीय श्रेणीमा प्रवेश गरी नायव सुब्बा पदमा बढुवा समेत भई सरकारी लाभ तथा सुविधा समेत लिएको देखिन आएकोले निजको उक्त कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) अनुसारको कसुर गरेको देखिन आएको हुँदा निजलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र दफा २९(२) र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम सजाय हुन मागदाबी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता